**निर्णय नं १ :** पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको समीक्षा प्रतिवेदन नगर प्रमुख ज्यू मार्फत नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पुतलीबजार नगरपालिकाका उपप्रमुख मार्फत आर्थिक वर्ष २०७९/०८० को बजेट संशोधन प्रस्ताव पुतलीबजार नगरपालिकाको १२ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** नगर कार्यपालिकाको विभिन्न वैठकले नगर सभामा पेश गर्ने गरी विभिन्न मितिमा गरेका निर्णयहरु , नगर कार्यपालिकाका विभिन्न मितिमा भएका वैठकका निर्णय, विभिन्न विषयगत र अन्य समितिबाट निर्णय भई नगरकार्यपालिका र नगर सभाबाट अनुमोदन हुने गरी गरिएका विभिन्न निर्णयहरु तथा नगर प्रमुखको निर्णयानुसार विभिन्न कोष तथा शिर्षकबाट खर्च हुने गरि सञ्चालन भई नगर कार्यपालिकाको विभिन्न मितिका वैठकले अनुमोदन गरेका , नगरप्रमुखको तोक आदेश अनुसार बिभिन्न मितिमा विभिन्न कार्यको लागि वितरण गरिएका सामाग्री र आर्थिक सहायतता तथा राहत रकम र सम्पन्न भई जाँचपास तथा फरफरक भई सकेका योजना तथा नगर प्रमुखबाट निर्णय भई विभिन्न शिर्षक तथा कोषबाट रकम विनियोजन भएका योजनाहरुलाई अनुमोदन गरी संशोधित बजेट अनुसार कार्यन्वयन गर्ने व्यवस्था मिलाउन नगर सभाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :** विगतको नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ मा पुनरावलोकन भई नगर कार्यपालिकाको मिति २०७९ आश्विन ९ गतेको वैठकको निर्णय नं २ बाट स्वीकृत पद समुह, पद तथा तहगत सेवा समुह, शाखा उप शाखा तथा इकाईगत संगठन संरचना र दरवन्दी विवरण अनुमोदन गर्ने निर्णय गरियो साथै गण्डकी प्रदेश स्थानीय सेवा गठन तथा संचालन अध्यादेश २०७९ को दफा ९ र २८ बमोजिम दरवन्दी कायम गर्ने र तह वृद्धि गर्ने सम्बन्धी मिति २०७९/०८/१३ को नगर कार्यपालिकाको निर्णय नं ३ बाट स्वीकृत निर्णय अनुमोदन गर्ने तथा उक्त अध्यादेश बमोजिम अर्को व्यवस्था नभए सम्मको लागि अन्य प्रावधानहरुको निरन्तरता प्रदान गर्ने विषयहरु नगर सभामा पेश गर्ने गरियो ।

**निर्णय नं ५ :** नगर कार्यपालिकाको मिति २०७९ कार्तिक ४ गतेको निर्णय नं १ र २०७९ मंगसिर १३ को निर्णय नं ४ को ठेक्का भेरियसन सम्बन्धी निर्णय अनुमोदन गर्ने कार्यका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** पुतलीबजार नगरपालिकाको आन्तरिक आय ठेक्का बन्दोवस्त अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवाको विक्री कर असुलीको लागि विभिन्न मितिमा गरिएको नगरपालिकाको विभिन्न निर्णयको अनुमोदन हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** वडा समिति, स्थानीय स्तरबाट सिफारिस भई पेश हुन आएका आर्थिक वर्ष २०७९/८० का विभिन्न वडाका योजना, गत विविध तर्फ देहाय बमोजिमका योजना (प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका) तथा कार्यक्रम हरु स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा योजना बैंकको रुपमा रहेका आयोजना तथा कार्यक्रमहरु मध्य देहाय बमोजिमका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी प्रदेश र संघीय सरकार का सम्बन्धित निकाय समक्ष पेश गरी कार्यान्वयनमा ल्याउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी

**निर्णय नं ९ :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई समपुरक अनुदान अन्तर्गत प्राथमिकताका साथ कार्यान्वयन हुने ब्यबस्था मिलाउने निर्णय गरियो।

१. पुतलिखेत आरुचौर सडक (क्रमागत) - पु ब न प १४
२. टापु सिंचाई योजना (क्रमागत) - पु ब न प १३
३. सुम्रेखोला लाम्पाटा सातुपसल – पु ब न पा १०, १३
४. बाडखोला नयाँबजार ठुलाडीही तनहुँ सडक – पु ब न पा ३,५,७
५. बाडखोला पौवैगौडे टपसार अन्तर्गत ४.५ कि.मी. खण्ड – पु ब न पा ८
६. सतिसडाँडा-कोल्मा-थुम्कीडाँडा तनहुँ सडक
७. देवीस्थान-काभ्रे-हुँडिकोट-पेल्काचौर-राङ्गभाङ्ग-चिरुवा-ज्यामिरे सडक
८. सामग्रीचोक हमाल डाडा लत्रेपिपल - पु ब न पा ३

**निर्णय नं १० :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई सडक बोर्ड नेपालबाट स्वीकृत बजेट रु ७०,००,००० (सत्तरी लाख) अन्तर्गतको कार्यक्रममा प्राथमिकताका साथ कार्यान्वयन हुने ब्यवस्था मिलाउने निर्णय गरियो।

१. बाडखोला नयाँबजार सडक - पु ब न पा ३, ५ लत्रेपिपल नयाँबजार खण्ड।

**निर्णय नं ११ :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई विशेष अनुदान अन्तर्गतको कार्यक्रममा प्राथमिकताका साथ कार्यान्वयन हुने गरी अगाडी बढाउने निर्णय गरियो

१. फोहोर मैला व्यवस्थापन ( आधुनिक प्रविधि/उपकरण जडानद्वारा) डि पी आर तयारी र आवश्यक परेमा नव प्रवर्धन साझेदारीतामा समेत संचालन गर्ने।
२. त्रिवेणी धाम पर्यटन पूर्वाधार निर्माण – पु ब न पा १, ३, १४
३. बराहखोला, बरडाँडा, कलैंचे, मोहोरिया, भारकोट लिफ्टिङ्ग खानेपानी पु.ब.न.पा. ७
४. काफलडाडा लिफ्टिंग खानेपानी आयोजना – पु ब न पा , ३

**१. पुनश्च :** फोहोरमैला ब्यबस्थापनका लागि उपयुक्त जग्गाको सम्भाव्यता अध्ययन, प्रबिधी मैत्री स्थल को अध्ययन र भई रहेको स्थलको समेत उपयोग गरि डी.पी.आर. निर्माण गर्ने एवं विपद जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन सहितको विपद व्यवस्थापन तथा वातावरण व्यबस्थापन योजना तयारी गर्न रु १५ लाख गत वर्षको अल्या रकम बाट रकम बिनियोजनगर्ने निर्णय गरियो।

**निर्णय नं १२ :** पुतलीबजार नगरपालिकाको आयोजनामा पु ब न पा – १४ स्थित सतौं कोट पशुपतिनाथ मन्दिरको प्राङ्गणमा मिति २०७९/०९/२८ गते विहान ११ गते सार्वाजनिक सुनुवाईको आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं १३ :** पुतलीबजार नगरपालिका अन्तर्गतका अत्याबस्यक स्थलमा नया स्वास्थ्य सस्था संचालनको प्रबन्धगरि स्वास्थ्यकर्मीहरुको समेत प्रबन्ध गर्ने निर्णय गरियो।

तुलसी राम रेग्मी
नगर प्रमख